मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २३३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ भाद्र १८ गते बुधबार ❑ 3 Sept. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## मुस्ताङमा आठ महिनामा एक लाख १६ हजार विदेशी पर्यटक भित्रिए

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १७ भाद्र

जिल्लामा सन् २०२५ को आठ महिनामा एक लाख १६ हजार ७८७ विदेशी पर्यटक भित्रिएका छन् । यहाँ सन् २०२५ को जनवरीदेखि अगस्टसम्म सार्क राष्ट्रबाट एक लाख एक हजार १६१ जना र अन्य देशबाट १५ हजार ६२६ जना विदेशी पर्यटक मुस्ताङ भित्रिएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, इलाका संरक्षण कार्यालय (एक्याप)जोमसोमले जनाएको छ।

यहाँ कूल विदेशी पर्यटक संख्याको ८६ दशमलव ६२ प्रतिशत सार्क राष्ट्रबाट र १३ दशमलव ३७ प्रतिशत अन्य राष्ट्रका पर्यटक यहाँ भित्रिएका एक्याप कार्यालय प्रमुख राजेश गुप्ताले जानकारी दिनुभयो।

यहाँ सन् २०२५ को जनवरीमा सार्कका तीन हजार ८३० र अन्य राष्ट्रका ५१६ गरी चार हजार ३४६ जना, फेब्रुअरीमा सार्कका चार हजार ५१० र अन्य ७९३ गरी पाँच हजार ३०३, मार्चमा सार्कका १६ हजार ५०७ र अन्य दुई हजार ५८८ गरी १९ हजार ९५, अप्रिलमा सार्कका अठार हजार ३०४ र अन्य चार हजार ८४८ गरी २३ हजार १५२ जना, मेमा सार्कका २१ हजार ९४६ र अन्य तीन हजार ७८१ गरी २५ हजार ७२७, जुनमा सार्कका १९ हजार ६४९ र अन्य एक हजार २०९ गरी २० हजार ८५८, जुलाइमा सार्क नौ हजार ७९४ र अन्य ८२५ गरी १० हजार ६१९ र अगस्टमा सार्कका छ हजार ६२१ र अन्य एक हजार ६६ जना गरी सात हजार ६८७ जना विदेशी पर्यटक मुस्ताङ भित्रिएको एक्यापको तथ्याङ्क छ । यहाँ सन् २०२४ को सोही अवधिभन्दा २०२५ मा विदेशी पर्यटकको सङ्ख्या २१ दशमलव ९८ प्रतिशतले वृद्धि भएको छ। यसपटक २५ हजार ६७८ जना विदेशी पर्यटक बढी आएको कार्यालय प्रमुख गुप्ताले जानकारी दिनुभयो । सन् २०२४ को सोही अवधिमा सार्क राष्ट्रबाट ७८ हजार ७६० जना र अन्य राष्ट्रबाट १२ हजार ३४९ जना विदेशी पर्यटकले यहाँ भ्रमण गरेको उहाँले बताउनुभयो। अघिल्लो वर्षको सो अवधिभन्दा हाल सार्क राष्ट्रमा २२ हजार ४०१ अर्थात् (२२ दशमलव १४) प्रतिशत र अन्य विदेशी पर्यटकमा तीन हजार २७७ जना अर्थात् (२० दशमलव ९७) प्रतिश पर्यटक वृद्धि भएको देखिन्छ। मुस्ताङमा सन् २०२४ को जनवरीदेखि डिसेम्बरसम्ममा एक लाख २५ हजार ७१९ जना विदेशी पर्यटक भित्रिएका थिए । जसमध्ये सार्कका एक लाख एक हजार १६१ जना र अन्य राष्ट्रका १५ हजार ६२६ जना पर्यटक थिए। कार्यालयको विवरणअनुसार मुस्ताङ भित्रिएका विदेशी पर्यटकमध्ये ८० प्रतिशत भारतीय पर्यटक रहेका छन् । यहाँ भित्रिने अधिकांश भारतीय पर्यटकले मुक्तिनाथ मन्दिरको दर्शन गरी फर्किने गरेको जनाइएको छ।

पछिल्लो समय राष्ट्रिय गौरवको बेनी-जोमसोम सडकको यात्रा सहज हुँदै जान थालेपछि मुस्ताङमा आन्तरिक तथा बाह्य पर्यटकको संस्था बर्सेनि वृद्धि भइरहेको छ । अन्तरराष्ट्रिय सञ्चारमाध्यमले मुस्ताङलाई घुम्नुपर्ने सूचीमा सूचीकृत गरेसँगै यहाँ विदेशी पर्यटकको संख्या अनपेक्षित रूपमा वृद्धि हुन थालेको जानकारहरू बताउँछन्।

यो जिल्ला धार्मिक, सांस्कृतिक र जैविक विविधतासँगै यहाँको पृथक भूगोलका कारण पर्यटकीय आकर्षणको केन्द्र बन्दै जान थालेको हो । यहाँ सदियौं पुराना गुम्बा, माने, छोर्तेन,गुफा,परम्परागतसांस्कृतिक घरका संरचना, तालतलैया, लोमान्थाङ ऐतिहासिक दरबार, कोरलानाकालगायत पर्यटकीय गन्तव्य भएकाले यहाँ आन्तरिक तथा बाह्य पर्यटकको संख्या वृद्धि हुँदै गएको हो।

## फोहर व्यवस्थापनमा स्थानीय तहको सहकार्य आवश्यक

**पोखरापत्र संवाददाता**
गण्डकी, १७ भाद्र



फोहरको उचित व्यवस्थापनमार्फत आयआर्जनका गतिविधि एवं रोजगारी सृजना गर्न स्थानीय तहहरूबीच असल अभ्यास, प्रविधि र सीप आदानप्रदान गर्नुपर्नेमा जोड दिइएको छ।

पाेखरा महानगरपालिकाको टोलीद्वारा दाङको राप्ती गाउँपालिकाले सञ्चालन गरेको फोहरमैला प्रशोधन केन्द्रको अवलोकनमा क्रममा सहभागीले फोहरमैला व्यवस्थापन गर्न अन्तरपालिका सहकार्य र समन्वय आवश्यक भएकामा जोड दिएका हुन्। फोहर व्यवस्थापनको काम चुनौतीपूर्ण रहेको उल्लेख गर्दै उहाँहरूले यसका लागि सामुदायिक सचेतना र जनसहभागिता महत्त्वपूर्ण हुने बताउनुभयो । राप्ती-२ का वडाध्यक्ष एवं गाउँपालिकाका प्रवक्ता पहलमान चौधरीले जोखिम मोलेर फोहर व्यवस्थापनको काम सुरु गरेको बताउनुभयो । फोहर व्यवस्थापन गर्न ठाउँ पाउनै मुश्किल भएको र स्थानीय समुदायको अवरोध खेप्नुपरेको बताउनुभयो । राप्तीले देउखुरीको पुड्यपुरमा फोहरमैला प्रशोधन केन्द्र सञ्चालनमा ल्याएको छ।

'इको फेमिली नेपाल'को प्राविधिक सहयोगमा दुई वर्षअघिदेखि फोहर व्यवस्थापन र प्रशोधनको काम गरिएको वडाध्यक्ष चौधरीले बताउनुभयो । फोहर प्रशोधन गर्न जग्गा व्यवस्थापन र संरचना निर्माण गर्ने काम गाउँपालिकाले गरेको तथा उपकरण, जनशक्ति र अन्य प्राविधिक तथा व्यवस्थापकीय काम इको फेमिली प्रालिले गरेको हो। इको फेमिलीका सञ्चालक रूपेशराज कुँवरले उद्योग सञ्चालनका लागि रु तीन करोड लगानी भएको बताउनुभयो। प्लास्टिकजन्य फोहर प्रशोधन गरेर ब्रिक्स, टायल, लम्बरलगायतका वस्तु उत्पादन गर्न थालिएको उहाँको भनाइ छ। "कुहिने फोहर कम्पोस्ट मलमा जान्छ, नकुहिनेमा विशेषगरी प्लास्टिकजन्य फोहरबाट सामान उत्पादन भइरहेको छ", उहाँले भन्नुभयो । काम नलाग्ने भनेर फालेको वस्तुलाई स्रोतका रूपमा सदुपयोग गरी आयआर्जन र उद्यम सृजना गर्ने उद्देश्यले फोहर प्रशोधन केन्द्र सञ्चालनमा ल्याएको सञ्चालक कुँवरले बताउनुभयो । निजी-सार्वजनिक लगानीअनुरूप उक्त केन्द्र सञ्चालनमा रहेको वडाध्यक्ष चौधरीले बताउनुभयो । फोहर सङ्कलन र वर्गीकरणको काम गाउँपालिकाले गर्दै आएको छ । इको फेमिली नेपालले कवाडीमा जाने सामानको निकासी कर र व्यवसाय कर गाउँपालिकालाई तिर्दै आएको छ। कम्पनीले फोहर वर्गीकरण र कुहिने फोहर गलाउने उपकरण खरिद गर्ने भएको छ।

प्रशोधन उद्योगमा २१ श्रमिक कार्यरत छन्। त्यहाँ उत्पादित ब्रिक्स र टायल बजारमा जान थालेको छ । पोखरा महानगरपालिकामा सञ्चालित रिसाइकलिङ र अपसाइकलिङमार्फत हरित रोजगारी सृजना परियोजनाका सहजकर्ता नेत्र तिमिल्सिनाले राप्तीले सुरु गरेको फोहर व्यवस्थापनको काम अनुकरणीय रहेको बताउनुभयो । "राप्तीले गरेको राम्रो काम हामीलाई सिकाइ हुन्छ, पोखराले गरेको अभ्यास राप्तीलाई अनुकरणीय हुनसक्छ", उहाँले भन्नुभयो, "फोहर व्यवस्थापनमा नमूनायोग्य काम गरेका स्थानीय तहमा पुगेर सीप र अनुभव हासिल गर्न यो अवलोकन भ्रमणको आयोजना गरिएको हो।" पोखरा महानगरपालिकाले कोरिया अन्तरराष्ट्रिय सहयोग नियोगको आर्थिक सहयोग, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको प्राविधिक सहयोगमा 'रिसाइक्लिङ र अपसाइक्लिङमार्फत हरित रोजगारी सृजना परियोजना' सञ्चालन गरेको छ।

परियोजनामार्फत हालको अभ्यासः प्रयोग गर्ने र फाल्ने 'थ्रो अवे'को सट्टा चक्रीय अर्थतन्त्र प्रणालीमा आधारित रिसाइक्लिङ/अपसाइक्लिङ उद्यम स्थापना गरी हरित अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने उद्देश्य लिइएको हो । हरित रोजगारी प्रवर्द्धन गर्दै ठोस फोहरमैलाबाट सृजना हुने प्रदूषण तथा नकारात्मक वातावरणीय प्रभावलाई न्यूनीकरणमा टेवा पुग्ने विश्वास लिइएको छ । परियोजनाले फोहर सङ्कलन तथा ढुवानी र वर्गीकरणका लागि सामुदायिक सचेतना अभिवृद्धिको काम पनि गर्दै आएको सहजकर्ता तिमिल्सिनाले बताउनुभयो । परियोजनाले पोखराका एक सय ३६ टोल संस्थामा जनचेतना अभिवृद्धि अभियान सञ्चालन गरेको छ । घरमै फोहर छुट्याउने बानी बसाल्न प्रेरित गर्न घरघरमा फोहर छुट्याउने कीट प्रदान गरिएको छ।

## 'जनताको पानी सरकारको लगानी' कार्यान्वयन गर्नुपर्ने माग

**रासस**
गण्डकी, १७ भाद्र

राष्ट्रिय साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता महासङ्घको प्रथम गण्डकी प्रदेश भेलाले 'जनताको पानी सरकारको लगानी' भन्ने नारालाई कार्यान्वयन गर्नुपर्ने माग गरेको छ।

महासङ्घद्वारा सोमबार पोखरामा सम्पन्न भेलाले पोखरा घोषणापत्र जारी गर्दै सबै किसिमका खानेपानी आयोजनाको दायित्व राज्यले लिनुपर्ने माग गरेको हो । भेलाले राष्ट्रियसभाबाट हालै पारित खानेपानीसम्बन्धी राष्ट्रिय सङ्कल्प प्रस्ताव कार्यान्वयन गराउन सङ्घीय सरकारसहित सबै सरोकार भएका निकायहरूसँग माग गरेको छ । खानेपानी सेवा प्रदायक संस्था गैरनाफामूलक भएकाले करमुक्त आयोजना निर्माण तथा सञ्चालन गर्न, नगरविकास कोषको ऋणमा ब्याजदर घटाउन र खानेपानी क्षेत्रको जोखिम बिमाका लागि आवश्यक प्रबन्ध गर्न माग गरेको घोषणापत्रमा उल्लेख गरिएको छ । हालै सङ्घीय खानेपानी मन्त्रालयबाट कार्यालयको संरचना घटाई सेवा प्रभावित भई खारेजमा परेका कार्यालयबाट सेवा निरन्तर सञ्चालनगर्नमागगर्नेघोषणापत्रमा उल्लेख गरिएको छ। सरसफाइ र वातावरणलाईउच्चप्राथमिकतामा राखी ढाँचा निर्माण चरणबाट वातावरणीय प्रभाव मूल्याङ्कन गर्दै प्रविधिमैत्री र सुरक्षित खानेपानी आयोजना सञ्चालन गर्न माग गर्ने घोषणापत्रमा भनिएको छ। भेलाले महासङ्घको गण्डकी प्रदेश समितिसमेत गठन गरेको छ। समितिको अध्यक्षमा विमला पहारी, सचिवमा राजुराम श्रेष्ठ, कोषाध्यक्षमा तुलसी पाण्डे रहनुभएको छ । सदस्यहरूमा सीता खड्का, विष्णुमाया श्रेष्ठ, रमेश गिरी, गोकुल अधिकारी, केशवराज पौडेल, कमलनाथ पौडेल, रमा गौतम र नारायण श्रेष्ठ रहनुभएको छ । यसअघि भेलाको उद्घाटन गर्दै गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री खगराज अधिकारीले सर्वसाधारणलाई शुद्ध र सुरक्षित खानेपानी उपलब्ध गराउनेतर्फ सरकार लाग्नुपर्नेमा जोड दिनुभयो । पानीको मुहान राज्यको हो भन्ने विषय स्थापित बनाउनु जरुरी रहेको उहाँको भनाइ छ।

गण्डकी प्रदेशका ऊर्जा तथा खानेपानीमन्त्री फणिन्द्र देवकोटाले शुद्धतासहितको स्वच्छ खानेपानी उपलब्ध गराउनेतर्फ सरकार लागिरहेको बताउनुभयो। गण्डकी प्रदेशले खानेपानी र सिँचाइमा छुट दिने घोषणा गर्दै यसको कार्यान्वयनलाई अघि बढाएको उहाँको भनाइ छ । राष्ट्रिय साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता महासङ्घका केन्द्रीय अध्यक्ष खेमराज वलीले समुदायमा खानेपानीको आपूर्तिका लागि महासङ्घले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको बताउनुभयो । कार्यक्रममा महासङ्घका उपाध्यक्ष जानुका केसी, गण्डकी प्रदेश संयोजक केशर निर्दोशी, केन्द्रीय सदस्य सन्दिप श्रेष्ठ, सुवास श्रेष्ठ, ऊर्जा जलस्रोत तथा खानेपानी मन्त्रालयका सहसचिव हरि तिमल्सिना, लेखनाथ खानेपानी उपभोक्ता संस्थाका अध्यक्ष मुरारी शर्मालगायत वक्ताले आ-आफ्नो धारणा राख्नुभएको थियो।

## नोमाड बेसक्याम्प नेपाल २०२५ पोखरामा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १७ भाद्र



नेपाल पर्यटन बोर्ड र सारङ सर्भिसेस् द्वारा आयोजित नोमाड बेसक्याम्प नेपाल २०२५ पोखरामा सम्पन्न भएको छ।

नेपालमा पहिलो पटक विश्वभरका डिजिटल नोमाड, उद्यमी र नवप्रवर्तकहरूको ऐतिहासिक भेला पोखराको बरपिल रिसोर्ट सम्पन्न गरिएको हो। कार्यक्रममा विश्वका विभिन्न भागबाट आएका १८ भन्दा बढी वक्ता र ७० भन्दा बढीको सहभागिता थियो । कार्यक्रमसँगै सहकार्य, नेटवर्किङ र ज्ञान-विनिमयमा महत्वपूर्ण उपलब्धि हासिल भएको आयोजकले जनाएको छ। पोखरा पर्यटन परिषद् को सहकार्यमा भएको कार्यक्रममा प्रविधि साझेदारमा क्लक बी टेक रहेको थियो। कार्यक्रमको आतिथ्य साझेदारमा होटल सरोवर, पर्यटन साझेदारमा नेपाल मोटो र होटल एसिया तथा अन्य सहयोगीमा अन्नपूर्ण केबल कार र फ्रेन्ड्स लेक इन रहेको जनाइएको छ । नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दिपक राज जोशीले "नेपाल अनचार्टेडः द डिजिटल फ्रन्टियर" विषयक सम्बोधनमार्फत् कार्यक्रमको सफलताको कामना गर्नुभएको थियो । कार्यक्रममा कृत्रिम बुद्धिमत्ता, रिमोट वर्क, दिगो पर्यटन, नवप्रवर्तन तथा डिजिटल समुदायहरूको भविष्य लगायतका विषयमा छलफल एवम् अन्तरक्रिया गरिएको थियो । कार्यक्रमले पोखरालाई प्राकृतिक सौन्दर्य, संस्कृतिको धरोहर र अवसरहरूको संगम भएको डिजिटल नोमाडहरूको विश्वस्तरीय केन्द्रका रूपमा प्रस्तुत गरेको आयोजकले जनाएको छ। कार्यक्रमका विभिन्न सत्रमा जोन ली डुमास, जोनाथन फोल्ट्ज, डेनी, जोनाथन, जोन ली डुमास, क्रेग, एलोइज, अनुप गुरागाईं, ब्राड इप्पो, फियोना लेडल, क्रेग अल्सप, एलोइज स्टिन, जर्ज कात्सियोरस, रोब पाल्मर, सचिन डाँगी लगायतले विभिन्न प्रस्तुती राखेका थिए । नोमाड बेसक्याम्प नेपाल २०२५ को सफलताले भविष्यमा नेपाललाई विश्वका डिजिटल पेशाकर्मीहरूको आकर्षक गन्तव्यका रूपमा स्थापित गर्ने बाटो खुलाएको विश्वास लिइएको छ । यो पहलसँगै नेपाललाई डिजिटल नोमाड र भविष्यको कामकाजी समुदायहरूको लागि गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य राखेको आयोजकले जनाएको थियो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्फलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# जिसस कास्कीद्वारा उपलब्धि र कार्ययोजना सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, १७ भाद्र

जिल्ला समन्वय समिति कास्कीले आर्थिक बर्ष २०८१-८२ मा सम्पादन गरेका कार्य प्रगति विवरण सहित चालु आर्थिक बर्ष २०८२-८३ को कार्ययोजना सार्बजनिक गरेको छ।

मंगलबार एक बिशेस पत्रकार भेटघाट कार्यक्रमको आयोजना गरेर सो कार्य योजना सार्बजनिक गरिएको हो। कार्यक्रममा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले संविधानको मर्म अनुसार प्राप्त अधिकार र स्रोत साधनको अधिनमा रहेर उत्कृष्ट समन्वय र अनुगमनका कार्यलाई प्रभाबकारी बनाउदै लगेको बताउनु भयो।



प्रदेश सरकारले वनाउनु पर्ने जिल्ला समन्वय समिति सम्वद्ध कानुनहरु नवनाउनु, प्राकृतिक स्रोत उपयोग तथा वाडफांड सम्वन्धि संघीय कानुन नहुदा कार्य सम्पादनमा कठिनाइ हुनु, प्रयाप्त स्रोत साधन विनियोजन नहुदा प्राप्त कार्य जिम्मेवारी सम्पादन गर्न कठिन हुनु, प्रदेश सरकारवाट अनुगमन कार्यका लागि प्रयाप्त वजेट विनियोजन नगर्नु र विनियोजन भएको रकम समेत प्राप्त नहुनु, प्रदेश सरकारले रु १० लाख दिने भनेको तर रकम नदिएको, भौतिक पूर्वधारको वस्तुनिष्ठ अनुगमन गर्नका लागि आफ्नो छुट्टै गुणस्तर परीक्षण ल्याव नहुनु, प्राकृतिक स्रोत ढुंगा गिटि वालुवा विक्रिवाट प्राप्त राजस्व वाडफाड गर्दा जिल्ला समन्वय समितिलाइ वांडफांड नगर्नु र पालिकावाट प्रशासनिक खर्च पनि नदिनु, योजना अनुगमनवाट दिइएका निर्देशनहरुको कार्यान्वय पक्ष फितलो देखिनु पालिकाहरु निर्देशन कार्यान्वयनमा उदासिन हुनु,जस्ता समस्या देखिएको जानकारी दिनुभयो। प्रमुख पौडेलले जिल्ला समन्वय समितिलाइ अनुगमन निर्देशनमा दण्डनीय अधिकार नहुदा कार्य गर्न असहज हुनु, विषयगत कार्यालय तथा स्थानीय तहहरुले जिल्ला समन्वय समितिमा समयमा कार्य प्रतिवेदन पेश नगर्नु तथा माग भएका विवरणहरु समयमा उपलव्ध नगराउनु, जस्ता बिधमान समस्याको रूपमा रहेको उल्लेख गर्नुभयो। उहाले आन्तरिक कार्य संचालनलाई सुब्यबस्थित बनाउन आन्तरिक नियन्त्रण कार्यविधि र आन्तरिक आय खर्च संचालन कार्यबिधि बनाइ लागु गरिएको भन्दै आन्तरिक कार्यालय र कामलाई उच्च ब्यबस्थित बनाउन सबै जिससहरू सहित स्थानीय तहहरूले उक्त कार्यविधि प्रभाबकारी ढंगले लागु गर्न सके देशको आधा भ्रस्टाचार स्वत न्यूनीकरण हुने दाबी गर्नुभयो।

प्राप्त कानुनी अधिकार हरूको सीमामा रहेर जिल्ला समन्वय समिति कास्की निरन्तर प्रभावकारिता तर्फ अगाडी बढेको उल्लेख गर्दै पौडेलले कास्की रुग्ण आयोजना शुन्य बनाउने दिशामा अगाडी बढेको उल्लेख गरे। निरन्तरको अनुगमन र समन्वयले दशकौ देखिका अलपत्र परेका रुग्ण आयोजना क्रमशः न्यूनीकरण हुदै गएको उल्लेख गर्नुभयो।

जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उप प्रमुख सरिता माल र जिल्ला समन्वय अधिकारी नवराज बरालले जिससका गतिबिधि तथा आगामी कार्ययोजनाका सम्बन्धमा प्रकाश पारेको सो कार्यालयका सुचना अधिकृत लक्ष्मु शर्माले जानकारी दिनुभयो।

# सार्वजनिक पुस्तकालयमा चित्रकला प्रतियोगिता

**पोखरापत्र संवाददाता**
गण्डकी, १७ भाद्र

अठारौँ पुस्तकालय दिवसको अवसरमा हालै पोखरा सार्वजनिक पुस्तकालयमा कास्की जिल्ला विद्यालयस्तरीय चित्रकला प्रतियोगिता भव्यताका साथ सम्पन्न भएको छ।

पोखरा सार्वजनिक पुस्तकालय, अमेरिकन कर्नर पोखरा र नेपाल पुस्तकालय संघ गण्डकी प्रदेशको संयुक्त आयोजनामा भएको यस प्रतियोगितामा कास्कीका विभिन्न ३९ विद्यालयका ६७ जना विद्यार्थीहरूको उत्साहजनक सहभागिता रहेको थियो। जसमा ४५ जना छात्रा र २२ जना छात्रहरूले आ-आफ्ना कला प्रस्तुत गरेका थिए। प्रतियोगितामा सोसल पब्लिक स्कूलका कक्षा १० का छात्र हुमबहादुर गुरुङले प्रथम स्थान हाँसिल गरे।

मदरल्याण्ड माविका कक्षा ९ का छात्र प्रयास सापकोटा द्वितीय र कास्की मोर्डनाइज्ड एकेडेमीकी कक्षा ११ की छात्रा सोफिया रसायली तृतीय हुन सफल भइन्। हिलप्वाइन्ट माविका कक्षा १२ का छात्र सौरब लवगुन र मदरल्याण्ड माविका कक्षा १० की छात्रा एन्जेल नेपालीले सान्त्वना पुरस्कार प्राप्त गरे। विजेताहरूलाई नगद पुरस्कारसहित पुस्तक, प्रमाणपत्र र मायाको चिनोले सम्मान गरिएको थियो। प्रथम हुनेलाई सात हजार, द्वितीयलाई पाँच हजार, तृतीयलाई चार हजार र सान्त्वना पुरस्कार प्राप्त गर्ने दुई जनालाई दुई-दुई हजार रुपैयाँसहित २०८१ का लागि मदन पुरस्कार प्राप्त पुस्तक 'उ/माल' र डा. तीर्थबहादुर श्रेष्ठद्वारा लिखित 'नेपाल गाथा' प्रदान



गरिएको थियो। कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं. ९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले विजेताहरूलाई प्रमाणपत्र प्रदान गर्नुभएको थियो भने पोखरा सार्वजनिक पुस्तकालयका संस्थापक सदस्य एवम् कार्यसमितिका सचिव अर्जुन श्रेष्ठले नगद पुरस्कार तथा नेपाल पुस्तकालय संघ गण्डकी प्रदेशकी अध्यक्ष मीनकुमारी डल्लाकोटीले पुस्तकसहित मायाको चिनो प्रदान गरी विजेताहरुलाई सम्मान गरिन्।

प्रतियोगिताको मूल्याङ्कन सिर्जनशील कलाकार समूह कास्कीका अध्यक्ष दलबहादुर गुरुङ र उपाध्यक्ष झविन्द्र गुरुङले गर्नुभएको थियो। वडाध्यक्ष दीपेन्द्र मर्सानीले यस अवसरमा पोखरा सार्वजनिक पुस्तकालय अब केही महिनाभित्रै पोखराको पृथ्वीचोकस्थित नवनिर्मित पोखरा भवनमा स्थानान्तरण हुने जानकारी गराए। उनले पोखरा महानगरपालिका र वडा कार्यालयले पुस्तकालयजस्तो महत्वपूर्ण संस्थालाई उच्च प्राथमिकतामा राखेको बताए। निकट भविष्यमा पोखराका ऐतिहासिक सम्पदा र विकासलाई चित्रमा उतार्न विद्यार्थीहरूलाई आह्वान गर्दै त्यस्ता उत्कृष्ट चित्रहरूलाई वडाले सम्मानजनक पुरस्कार प्रदान गर्नुका साथै तिनको संरक्षण तथा प्रदर्शनी गरिने प्रतिबद्धता व्यक्त गरे। कार्यक्रममा नेपाल पुस्तकालय संघ केन्द्रीय उपमहासचिव, किशोर सुवदी, नेपाल पुस्तकालय संघका उपाध्यक्ष दुर्गाप्रसाद आचार्य, सचिव भुवन ढकाल, कोषाध्यक्ष लक्ष्मी कुँवर, सदस्य राम चन्द्र कार्की / कल्पना गुरुङ, पुस्तकालय कर्मी श्याममोहन आले, सार्वजनिक पुस्तकालयका सदस्य पशुपति श्रेष्ठ, अमेरिकी कर्नकर तथा पोखरा सार्वजनिक पुस्तकालयका कर्मचारी अमर कुँवर लगायत अन्य विशिष्ट व्यक्तिहरुको उपस्थीती रहेको थियो।

कार्यक्रममा अर्जुन श्रेष्ठ र मीनकुमारी डल्लाकोटीले शुभकामना तथा बधाई मन्तव्यका साथै प्रथम विजेता हुमबहादुर गुरुङले आफ्ना अनुभव प्रस्तुत गरेका थिए। पुस्तकालयका सचिव अर्जुन श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रम सह-सचिव सूर्य क्षेत्रीले सञ्चालन गरेका थिए। .

# परिवार नियोजन संघद्वारा यौन तथा प्रजनन् स्वास्थ्य सचेतना अभियान सुरु

**पोखरापत्र संवाददाता**
गण्डकी, १७ भाद्र

नेपाल परिवार नियोजन संघ कास्की शाखाले मंगलबारदेखि किशोर किशोरीहरुलाई लक्षित गरी यौन तथा प्रजनन् स्वास्थ्य सचेतना अभियान शुरु गरेको छ।

पोखरा महानगरपालिका वडा नं. २५ कार्यालय हेमजाको सहयोग तथा समन्वयमा हेमजास्थित गौरीशंकर माध्यामिक विद्यालयबाट यो अभियन शुरु गरेको हो। अभियान कास्कीका ४ वटा गाउँपालिका २/२ विद्यालय तथा कलेज गरी ८ र महानगरका १६ गरी २४ वटा विद्यालय तथा कलेजमा यो अभियन सञ्चालन गरिने नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नविन सिग्देलले जानकारी दिए। 'यो अभियान स्थानीय सरकार तथा स्वास्थ्यसँग सम्बन्धित संस्थाहरुसँग मिलेर गर्ने हामीले लक्ष्य लिएका छौ' सिग्देलले भने, 'किशोर किशोरीहरुको



यौन तथा प्रजनन् स्वास्थ्यका सवालमा यो अभियान सञ्चालन गरिएकोले पनि यो अभियानमा सवैलाई हातेमालो गर्न हामी आग्रह गर्दछौ।' अभियानको पोखरामहानगर पालिकाका प्रवक्ता तथा वडा नं. २५ का वडा अध्यक्ष मोतिलाल तिम्सीनाले शुभारम्भ गरेका हुन्। कार्यक्रममा बोल्दै तिम्सिनाले यौन तथा प्रजनन् स्वास्थ्यका वारेमा किशोर किशोरीहरुले खुलेर जानकारी लिने थलो यो अभियान हुने बताए। 'किशोर किशोरीहरुका यौन तथा प्रजनन् स्वास्थ्यका सावलमा स्थानीय सरकार पनि गभ्भिर भएर लागेको छ' उनले भने, 'यो अभियानमा पनि स्थानीय सरकार समन्वय गरेर अगाडि बढ्न सधै तयार छ।'

पोखरा महानगरपालिका स्वास्थ्य महाशाखाका प्रमुख भरतराज पौडेलले चासो र जिज्ञासा भएमा स्रोत अभाव नहुने बताउदै अभियानमा स्वास्थ्य महाशाखा हातेमालो गरेर जाने उल्लेख गरे। प्रदेश जनस्वास्थ्य कार्यालय कास्कीका प्रमुख राम बहादुर नेपालीले यौन तथा प्रजनन् स्वास्थ्यका विषयमा खुलेर कुरा राख्न नसक्दा कतिपय किशोर किशोरीहरु मानसिक रोगको शिकार हुने गरेको बताउँदै यस्ता खालका अभियान अहिलेको आवश्यकता भएको बताए। कार्यक्रममा नेपाल परिवार नियोजन संघ कास्कीका शाखाका कोषाध्यक्ष विष्णु प्रसाद दाहाल 'आभाष' र वरिष्ठ शाखा प्रबन्धक नबराज तिवारीले सहजिकरण गरेका थिए। सचेतना मुलक कार्यक्रममा गौरीशंकर माविका करिव १ सय विद्यार्थीको सहभागिता रहेको थियो। नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नविन सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा नेपाली काँग्रेस पोखरा -२५ हेमजाका सभापति मधुसुदन त्रिपाठी, गौरीशंकर माविका सहायक प्रध्यानाध्यापक मानबहादुर कार्की, नेपाल परिवार नियोजन संघ कास्कीका शाखाका वरिष्ठ शाखा प्रबन्धक नबराज तिवारीले बोलेका थिए।

# रविन्द्र ढाटलाई शाक यान्त मुआथाईको सम्मान

**पोखरापत्र संवाददाता**
गण्डकी, १७ भाद्र

च्याम्पियन रविन्द्र ढाटलाई शाक यान्त मुआथाईले पोखरामा सम्मान गरेको छ। भारतीय फाइटर चुनरेङ कोरेनलाई पराजित गर्दै ऐतिहासिक जित निकालेका उनी पहिलो नेपाली एमएफएन च्याम्पियन हुन्।

उनलाइ गण्डकी प्रदेशका प्रदेश सभा सदस्य तथा पुर्व मुख्यमन्त्री खगराज अधिकारीले सम्मान गरे। सम्मान गर्दै अधिकारीले खेलको माध्यमबाट नेपालको नाम उच्च बनाएको धन्यवाद व्यक्त गरे। उनले गण्डकी प्रदेश खेल पर्यटनको समेत राजधानि भएकाले प्रदेश सरकारले यसतर्फ ध्यान दिएको सुनाए। सम्मानित हुँदै ढाटले आफु एमएफाइटमा जाँदा त्यसबारेमा केहि पनि थाहा नभएको बताए। शाक यान्त मुआथाईमा प्रशिक्षण लिइरहेका खेलाडीलाई हौसल प्रदान गर्दै उनले अहिले मुआथाईका लागि प्रशिक्षण लिइरहेको र कडा मिहेनत गर्न अनुरोध गरे। 'तपाईंहरु यहाँ प्रशिक्षण लिइरहनु भएको छ। तपाइहरुलाई फाइटको बारेमा राम्ररी थाहा छ तर, मलाई केहि थाहा थिएन' उनले भने, 'मिहेनत गर्नुस्। फल अवस्य मिल्छ।' शाक यान्तका सञ्चालक तथा मुआथाई प्रशिक्षक खगेन्द्र क्षेत्रीले ढाटलाई ठूलो सम्मान गर्न नसकेपनि खेलाडीहरुमा हौसला दिने काम भएको सुनाए। मंगलबार ढाटसहित त्यहाँ प्रशिक्षणमा रहेका अन्य



खेलाडीलाई समेत फाइटको बारेमा सिकाएका थिए। उनले ढाटको फाइट गर्ने तरिका, प्रदर्शनी र मिहेनतको बारेमा खेलाडीलाई जानकारी दिनका लागि उनीबाट केहि सिकाएको बताए। ढाट मंगलबार नै पोखरा आएका हुन्। शाक यान्त मुआथाइ लेकसाइडमा रहेको छ।

# लायन्स पोखरा फिस्टेल सिटि स्टारको सहारा विद्यालयमा सहयोग

**पोखरापत्र संवाददाता**
गण्डकी, १७ भाद्र

बसपर्क शिवटोलमा रहेको सहारा बाल आधारभूत विद्यालयमा लायन्स क्लब पोखरा फिस्टेल सिटि स्टारले १ थान सेनिटरी प्याड डिस्पोजल मेसिन हस्तान्तरण गरेको छ।

विद्यालयका निवर्तमान संयोजक तथा वडा नं ९ का जनप्रतिनिधि नन्दराम गिरिको समन्वयमा लायन ठाकुर प्रसाद अधिकारीमार्फत उक्त कार्यक्रम आयोजना भएको थियो।

सोहि क्रममा गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले प्रतिवद्दता गरेअनुसार विद्यालयलाई रु.१ लाख रुपैंयाको आफ्नो स्वर्गीय छोरा देवेन्द्र थापाको स्मृतिमा अक्षयकोष मार्फत छात्रबृत्ति प्रयोजनका लागि चेक प्राप्त भएको विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष




विक्रम थकालीले बताए। त्यसैगरि, समाजसेवी ताथा बाबा फाउणडेसनका संस्थापक दिलिप राज श्रेष्ठ मार्फत बालबालिका तथा पर्यावरणको क्षेत्रमा कार्य गर्ने बाबा फाउण्डेसनले उक्त कार्यक्रमा ४ थान डस्टविन सौजन्य स्वरुप प्रदान गरेको थियो। कार्यक्रममा वोल्दै विद्यालयका अध्यक्ष विक्रम थकालीले प्रदान गरिएको सामाग्री सहि रुपमा प्रयोग गर्ने आशा व्यक्त गर्दै अक्षयकोष दाता मन्त्री विन्दु कुमार थापा सहित सयोगदाताहरुलाई धन्यवाद व्यक्त गरे। कार्यक्रमका प्रमुख अतिथी पोखरा वडा नं ९ का वडा अध्यक्ष दिपेन्द्र मर्सानीले हरेको क्षेत्रमा स्थानीय तह सहयोग र सहकार्य गर्न तत्पर हुने पर्ने बताउँदै सहयोगी दाताहरुलाई यहाँहरुको सहयोगमा वडाले पनि आवश्यक अवस्थामा सहकर्य गर्न सदैत तत्पर रहेको बताए।

लायन्स क्लब फिस्टेल सिटि स्टारका प्रमुख सवनमअधिकारीको अध्यक्षतामा सञ्चालन भएको कार्यक्रममा गोपाल बहादुर अधिकारी, लायन्स फस्ट लेडि विष्णु बराल त्यसैगरी पूर्व जनप्रतिनिधी किशोर बरालले कार्यक्रममा मन्तव्य राखेका थिए। २४० विद्यार्थी अध्ययन गर्ने विद्यालय कक्षा नर्सरी देखि ८ सम्म सञ्चालित रहेको छ।

सो क्लबका सचिव लायन सविता शर्माले सञ्चालन गरेको उक्त कार्यक्रममा सहारा क्लब पोखराका अध्यक्ष केशवराज बराल, विद्यालयका प्रधानाध्यापक लोचना अधिकारी, व्यवस्थापन समितिका पदाधिकारी, सल्लाहकारहरु, लायन्स क्लब फिस्टेल सिटि स्टारका पदाधिकारीहरु, शिक्षक, विद्यार्थीहरु लगाएत अभिभावकहरुको उपस्थिति रहेको थियो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उतेजना नहुने आदी
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जनताले लेख्ने उपन्यास नै इतिहास हो । – एल्फ्रेड डे

**सम्पादकीय**

# राष्ट्रिय सभाले सुधारेको निजामती विधेयक

लामो समय देखि विवादमा पारिएको निजामती विधेयकमा राष्ट्रियसभाले प्रतिनिधिसभाबाट पारित भएका व्यवस्थामा परिमार्जनसहित पारित गरेको छ । सबैभन्दा चासो रहेको 'कुलिङ अफ पिरियड'सम्बन्धी व्यवस्थामा प्रतिनिधिसभाले गरेको गल्ती सच्याउँदै राष्ट्रियसभाले विधेयकमा 'कुलिङ अफ पिरियड' राखेको छ। अब अवकाश भएका वा राजीनामा दिएका कर्मचारीहरूलाई दुई वर्षसम्म कूटनीतिक नियुक्तिको बाटो पनि बन्द भएको छ । प्रतिनिधिसभाले रोकेको गैरसरकारी निकायमा जाने बाटोलाई भने खुलाएको छ।

त्यस्तै प्रतिनिधिसभाले निजामती सेवामा अतिरिक्त सचिव पद सिर्जना गरेको थियो । सह-सचिवभन्दा माथि र सचिवभन्दा तल रहने गरी सिर्जना गरिएको अतिरिक्त सचिवको पद राष्ट्रियसभाले आवश्यक देखेन । प्रतिनिधिसभाले संघीय निजामती सेवाको सहसचिवमा खुलातर्फबाट प्रवेशको बाटो बन्द गरेको थियो। अब सहसचिवमा ८० प्रतिशत कर्मचारी बढुवाद्वारा आउनेछन् भने १० प्रतिशत अन्तरतह प्रतिस्पर्धा र १० प्रतिशत खुला प्रतिस्पर्धाबाट आउने बाटोलाई राष्ट्रियसभाले खुला गरेको छ।

शतप्रतिशत आन्तरिक बढुवा गरिएको नायब सुब्बामा पनि खुला तर्फबाट प्रवेशको बाटो राष्ट्रियसभाबाट खुला गरिएको छ। प्रतिनिधिसभाले राजपत्र अनङ्कितर्फ प्रवेशको बाटो खरिदारबाट मात्र प्रवेश गर्ने व्यवस्था गरेको थियो । प्रतिनिधिसभाले गरेको सो निर्णयलाई राष्ट्रियसभाले १० प्रतिशत नायब सुब्बा खुलातर्फबाट आउने बाटो राखेको छ। अब १० प्रतिशत खुला, १० प्रतिशत अन्तरतह र ८० प्रतिशत पदमा बढुवाद्वारा पदपूर्ति हुने व्यवस्था भएको छ । त्यस्तै, राष्ट्रियसभाले निजामती कर्मचारीहरूले स्वास्थ्य बीमा प्राप्त गर्न सामाजिक सुरक्षा कोषमा आबद्ध हुनुपर्ने व्यवस्थालाई पनि संशोधन गरेर प्रतिनिधिसभामा पठाएको छ।

निजामती कर्मचारी र उनीहरूको परिवारलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरेर स्वास्थ्य बीमा दिने प्रबन्धसहितको प्रस्ताव सरकारको थियो। राष्ट्रियसभाले स्वास्थ्य बीमा बोर्डसँग जोडिएर यस्तो सुविधा पाउने गरी विधेयक परिमार्जन गरेको छाराजनीतिक नेतृत्वलाई दबाबमा पारेर अवकाश लगत्तै संबैधानिक र राजदूत नियुक्ति पाउन गरेको चलखेल बन्द भएको छासंविधान जारी भएपछि बन्नुपर्ने कानुन बल्ल राष्ट्रिय सभाबाट पारित भएको छाअब प्रतिनिधिसभाले राष्ट्रिय सभाले गरेको संशोधन स्वीकार गरेमा सबै खाले खेल र झेल अन्त्य हुनेछ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : ब्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बढ्ने |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# रुख कटान आदेश नहुँदा प्रसारण लाइन निर्माणमा ढिलाइ

पोखरापत्र संवाददाता
म्याग्दी, १७ भाद्र

डिभिजन वन कार्यालय म्याग्दीले रुख कटान आदेश नदिँदा डाँडाखेत-राहुघाट प्रसारणलाइन आयोजनाको निर्माणमा ढिलाइ भएको छ। नेपाल विद्युत् प्राधिकरणद्वारा सञ्चालित डाँडाखेत-राहुघाट प्रसारण लाइन आयोजनाको हालसम्म ८० प्रतिशत भौतिक प्रगति भएको छ।

सन् २०२५ को नोभेम्बर १६ सम्म काम सक्नेगरी ठेक्का सम्झौता भएको थियो। प्रसारण लाइनको 'राइट अफ वे' र टावर रहने २५ दशमलव ६२ हेक्टर सामुदायिक र राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्नका लागि विसं २०८० फागुन ६ गतेको मन्त्रिपरिषद् बैठकले स्वीकृति प्रदान गरेको थियो । आयोजना निर्माणस्थलमा तीन हजार ९३६ वटा रुख छन्। पाँच सय चार रोपनी जग्गा खरिद गरी बिरुवा हुर्काउनका लागि पहिलो किस्ताबापतको रकमसमेत उपलब्ध गराइएको बताउँदै आयोजना प्रमुख रोशन अग्रवालले बताउँदै डिभिजन वन कार्यालयले रुख कटान आदेश दिन ढिलाइ गरेकाले समस्या भएको उल्लेख गर्नुभयो।

"आयोजनाको तर्फबाट एक वर्षअघिनै जग्गा खरिद गरेर वनलाई सोधभर्ना गरेका थियौँ । बिरुवा हुर्काउने पहिलो किस्ताबापतको बजेट पनि पाँच महिनाअघि दिएका थियौँ", उहाँले भन्नुभयो, "वनले कटान आदेश दिन ढिलाइ गर्नु, भौगोलिक समस्या र राहुघाट सबस्टेसनमा थप काम गर्नुपर्ने भएकाले आयोजनाको म्याद थप गर्नुपर्ने अवस्था आएको हो।"

प्रमुख अग्रवालका अनुसार आगामी २०२६ अप्रिलभित्र आयोजना सम्पन्न गर्ने नयाँ समय तालिका ठेकेदारले पेस गरेको छ । "मालिका गाउँपालिका-७ डाँडाखेतबाट रघुगङ्गा गाउँपालिका-३ राहुघाटको अम्वाङ जोड्ने २५ किलोमिटरमा १३२ केभी क्षमताको प्रसारण लाइन र दुवै ठाँउमा सबस्टेसन निर्माणका लागि सन् २०२१ को डिसेम्बर ३१ मा रु तीन अर्ब ५७ करोडमा लार्सन एण्ड टुयुब्रो लिमिटेडसँग ठेक्का सम्झौता भएको थियो । पहिलो पटकको म्याद गत जुलाई १६ मा सकिएको हो", उहाँले भन्नुभयो।

एक सय ३२ केभी क्षमताको डबलसर्किट प्रसारण लाइनअन्तर्गत हालसम्म ५९ टावरको जग राखिएकामा ४५ वटाको काम सकिएको प्रमुख अग्रवालले जानकारी दिनुभयो । रुख काट्नुपर्ने चार वटाबाहेक सबै टावरमा ठेकेदारले काम थालेको छ। प्रसारण लाइन र सबस्टेसनको ८५ प्रतिशत उपकरण आयात भइसकेको छ।

आयोजना प्रमुख अग्रवालले ५१ रोपनी क्षेत्रफलमा निर्माण भएको डाँडाखेत सबस्टेसनमा १३३/३३ केभी, ३० एमभिए क्षमता र एआइएस प्रविधिको उपकरण जडान थालिएको जानकारी दिनुभयो । उहाँका अनुसार २२०/१३२/३३ केभी, २०० एमभिए क्षमताको उपकरण जडान हुने जिआइएस प्रविधिको राहुघाट सबस्टेसनमा उपकरण राख्ने र कार्यालयको भवन बनाउने काम थालिएको छ । अम्वाङमा सबस्टेसन बनाउन छ वर्षअघि ९० रोपनी जग्गा अधिग्रहण भएको थियो । राहुघाट, म्याग्दी नदी र सहायक खोलामा निर्माणाधीन जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत्लाई केन्द्रीय लाइनमा जोड्ने उद्देश्यले डाँडाखेतमा सबस्टेसन निर्माण गर्न लागिएको उहाँको भनाइ छ।

जिल्लास्थित डिभिजन वन कार्यालयका प्रमुख विष्णु अधिकारीले जनशक्तिको कमीका कारण स्थलगत अध्ययन, प्रतिवेदन तयार र कटान आदेशको निर्णय गर्न ढिलाइ भएको बताउनुभयो। "असारसम्म कार्यालयको नियमित काममा व्यस्त हुनुपर्‍यो, पाँच वटा सबडिभिजनका तीन जना वन अधिकृतको नेतृत्वमा प्रतिवेदन तयार पार्ने काम अन्तिम चरणमा पुगेको छ", उहाँले भन्नुभयो, "सबडिभिजनबाट प्रतिवेदन पाउने बित्तिकै माथिल्लो निकायबाट स्वीकृति गराएर कटान आदेश दिने छौँ।"

सङ्घीय सरकारको ऊर्जा जलस्रोत तथा सिँचाइ राज्यमन्त्री खमबहादुर गर्बुजाले प्रसारण लाइनका लागि रुख कटान आदेश शीघ्र दिन डिभिजन वन कार्यालयलाई ताकेता गरिएको बताउनुभयो। गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले जलविद्युत् आयोजना, सबस्टेसन र प्रसारण लाइन निर्माणमा वन डिभिजनको ढिलासुस्तीसम्बन्धी जानकारी हुनुपर्ने विषय प्रदेशसभा बैठकमा उठाउनुभएको थियो।

कुल रु चार अर्ब ८७ करोड लागत अनुमान गरिएको आयोजना निर्माणका लागि रु एक अर्ब पाँच करोड विद्युत् प्राधिकरण र रु तीन अर्ब ८२ करोड एसियाली विकास बैंकको ऋण लगानी रहेको आयोजना प्रमुख अग्रवालले जानकारी दिनुभयो। रघुगङ्गा गाउँपालिका-३, बेनी नगरपालिका-९ र १०, मङ्गला गाउँपालिका-१, मालिका-६ र ७ मा प्रसारण लाइनको टावर निर्माणस्थल हुन् । टावर रहने निजी जग्गाधनीलाई रु एक करोड ५० लाख मुआब्जा वितरण गर्नुका साथै वन क्षेत्र प्रयोग गरेबापत रु चार करोड ५० लाखमा जग्गा खरिद गरेर सरकारलाई उपलब्ध गराइएको आयोजनाका प्रशासकीय अधिकृत मातृका तिमल्सिनाले जानकारी दिनुभयो।

म्याग्दी नदीमा १७२ दशमलव आठ मेगावाट क्षमताको चार वटा जलविद्युत् आयोजना निर्माण सुरु भएका छन् । राहुघाटमा ३५ दशमलव पाँच मेगावाटको चिमखोला-राहुघाट-मङ्गले र २१ दशमलव तीन मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजनाले परिक्षण उत्पादन थालेका छन्। प्रमुख अग्रवालका अनुसार ४८ दशमलव पाँच मेगावाट क्षमताको अपर राहुघाट, ४० मेगावाट क्षमताको राहुघाट र २३ दशमलव पाँच मेगावाट क्षमताको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजना निर्माण अन्तिम चरणमा पुगेका छन्।

तुदी पावरले बनाएको चिमखोला-राहुघाट-मङ्गले र संयुक्त ऊर्जाको ठूलोखोला जलविद्युत् आयोजनाले अस्थायी टावर निर्माण भई २२० केभी क्षमताको कालीगण्डकी प्रसारण लाइनले विद्युत् आपूर्ति गराउन थालेका उहाँले उल्लेख गर्नुभयो।

# गोरखामा रात्रिबस दुर्घटना हुँदा २१ जना घाइते

पोखरापत्र संवाददाता
गोरखा, १७ भाद्र

काठमाडौँबाट गोरखाको आरुघाट सोतीतर्फ आउँदै गरेको रात्रिबस दुर्घटना हुँदा २१ जना घाइते भएका छन्।

बा०१-००६ख ४१३१ नम्बरको बस मंगलबार बिहान भीमसेनथापा गाउँपालिका-३ टारीफाँटमा दुर्घटना हुँदा बसमा सवार २२ जनामध्ये २१ जना घाइते भएका जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक ध्रुवप्रसाद शर्माले राससलाई जानकारी दिनुभयो । घाइतेहरूको अवस्था सामान्य रहेको र घटनाबारे थप अनुसन्धान भइरहेको छ।

# पशिमनाको गुणस्तर सुधार गर्न किसानलाई खर्कमै तालिम

पोखरापत्र संवाददाता
म्याग्दी, १७ भाद्र

पशिमनाको कच्चा पदार्थ च्याङ्ग्राको भुवालाई गुणस्तरीय बनाउन डोल्पाको छार्का ताङसोङ गाउँपालिकाका किसानलाई खर्कको घुम्ती गोठमै पुगेर प्रविधि र सीप हस्तान्तरण गरिएको छ।

अन्तरराष्ट्रिय व्यापार केन्द्र (आइसिटी) को आर्थिक, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मुस्ताङको प्राविधिक सहयोग र छार्काताङसोङ गाउँपालिकासँग समन्वय गरेर नेपाल पशिमना सङ्घको टोलीले समुद्री सतहबाट पाँच हजार मिटर उचाइमा रहेको डेमारको खर्कमा पुगेर किसानलाई सीप सिकाउनुका साथै भुवा निकाल्ने आधुनिक औजार वितरण गरेको हो। बाह्य परजिवीको आक्रमणबाट जोगाउन, शरीरमा भएको भुवालाई कीटाणुरहित, स्वच्छ र गुणस्तरीय बनाउन भुवा निकाल्नुअघि डिपिङ ट्याङ्कीमा च्याङग्राको शरीर डुबाउने सीप सिकाउन स्थलगत तालिम र भुवा निकाल्न प्रयोग हुने ८५ थान आधुनिक काइयो वितरण गरिएको सङ्घका उपाध्यक्ष चिरञ्जीवी काफ्लेले राससलाई जानकारी दिनुभयो । "मुस्ताङ, मनाङ, डोल्पा, मुगु, हुम्लालगायतका किसानले उत्पादन गरेको च्याङ्ग्राको भुवा खरिद गरेर बजारको सुनिश्चितताका साथै पशिमनाको कच्चा पदार्थ आयात घटाउने अभियानमा छौँ", उहाँले भन्नुभयो, "पशिमनाका लागि उपयुक्त र गुणस्तरीय पुष्टि भएको च्याङ्ग्राको भुवाको दिगोपना र गुणस्तरमा ह्रास आउन नदिन १० दिन लगाएर किसानलाई खर्कमै पुगेर सीप र प्रविधि सहयोग गरिएको हो ।" मुस्ताङ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख लालमणि अर्यालले छार्काका किसानलाई च्याङ्ग्राको शरीरमा भएको बाह्य परजिवी नष्ट गर्ने विषादी मिसाएको पानी राखिएको डिपिङ ट्याङ्कीमा सुरक्षित तरिकाले डुबाउने र च्याङ्ग्रालाई नदुख्ने गरेर आधुनिक काइयोको प्रयोग गरेर भुवा निकाल्न सिकाउनुभएको थियो। सङ्घले यसअघि गत जेठमा मुस्ताङको वारागुङ मुक्तिक्षेत्र, घरपझोङ, लोघेकर-दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकाका पशिमना कृषक समूहलाई पनि स्थलगत तालिम प्रदान र भुवा निकाल्ने आधुनिक काइयो वितरण गरेको थियो।छार्काताङसोङगाउँपालिकाका उपाध्यक्ष कर्मा ढोण्डुप र वडाध्यक्ष ढावा लामा गुरुङले मितव्ययी हिसाबले डिपिङ ट्याङ्की बनाउने र प्रयोग गर्नेसम्बन्धी प्राविधिक तालिम किसानका लागि उपभोगी र गुणस्तरीय पशिमना उपत्पादनका लागि सहयोगी भएको बताउनुभयो। च्याङ्ग्राको भूवा पशिमनाका लागि (क) श्रेणीको कच्चा पदार्थ हो। सो क्रममा छार्काका किसानसँग मौज्दात रहेको दुई हजार ५०० किलोग्राम भुवा खरिद गरिएको र मुस्ताङ-डोल्पा सडकको भेरोलसम्म गाडी चल्न थालेपछि काठमाडौँ लैजाने व्यवस्था मिलाएर आएको नेपाल पशिमना उद्योग सङ्घका सदस्य सन्तोषप्रसाद अधिकारीले बताउनुभयो । नेपालबाट विदेश निर्यात हुने प्रमुख वस्तु पशिमना बनाउन च्याङ्ग्राको भुवा प्रशोधन गराएर बनाएको धागो कच्चा पदार्थका रूपमा प्रयोग हुन्छ। सङ्घका अनुसार नेपालबाट वार्षिक रु छ अर्बको पशिमना निर्यात हुन्छ। वार्षिक रु पाँच अर्ब मूल्य बराबरको चार सय टन पशिमना बनाउन आवश्यक पर्ने भुवाको धागो आयात हुन्छ। ठमेल, भक्तपुर, पाटन, सौराह, पोखरा, नगरकोटलगायत पर्यटकीयस्थलमा घुम्न आउने पर्यटकले रु एक अर्ब ५० करोड मूल्यबराबरको पशिमना किनेर लैजाने गरेका छन् । डोल्पा, मुस्ताङ, मुगु, हुम्लाका किसानबाट खरिद गरेर पशिमनाको कच्चा पदार्थको विदेशबाट आयात घटाउने प्रयास गरेको नेपाल पशिमना उद्योग सङ्घका अध्यक्ष धनप्रसाद लामिछानेले बताउनुभयो । उहाँका अनुसार पशिमना व्यवसायी आबद्ध नेपाल फाइवर प्रोसेसिङ उद्योगले मुस्ताङको लोमान्थाङमा भुवा सङ्कलन र काठमाडौँमा पशिमना प्रशोधन केन्द्र सञ्चालन गरेको छ।

# ढोरपाटनमा पर्यटक बढेपछि घोडा व्यवसाय फस्टाउँदै

पोखरापत्र संवाददाता
ढोरपाटन, १७ भाद्र



एकदशक अघिसम्म ढोरपाटनवासीले बजारबाट सामान ढुवानी गर्न र यात्रा गर्न घोडा खच्चडको प्रयोग गर्दथे । ढोरपाटनमा सडक विस्तार भएर मोटर गुड्न थालेपछि घोडा खच्चड कामविहीन भएका थिए।

कामविहीन भएपछि धेरैले घोडा खच्चड पाल्न छोडे भने पाल्दै आएका किसानलाई पनि बेच्न पाए हुन्थ्यो भन्ने लागेको बताउँछन् । बेकामे बनेका घोडा खच्चड बिक्री नहुँदा किसान चिन्तित भएका किसान पछिल्लो समय ढोरपाटनमा पर्यटक बढ्न थालेपछि घोडा व्यवसाय फस्टाउँदै छ। ढोरपाटनमा आउने पर्यटकले घोडामा सवार गर्न, तस्बिर तथा भिडियो खिच्नका लागि घोडा सवार गर्न थालेपछि पहिले बिक्री गरेका किसानले अहिले धमाधम किन्न थालेका छन्। पहिले बेकामे बनेका घोडा अहिले आम्दानीको स्रोत बन्न थालेका व्यवसायीको भनाइ छ।

पर्यटकको चाप बढ्दै गएपछि अहिले घोडा व्यवसाय पनि फस्टाउन थालेको ढोरपाटन नगरपालिका-९ का खिमबहादुर विकले बताउनुभयो। उपत्यकाबाट बुकीपाटनसम्म जानआउन रु चार हजारदेखि पाँच हजारसम्म लिने गरेको उहाँको भनाइ छ । घोडा चढेर चौरमा फोटो तथा भिडियो खिचेको रु ५० देखि रु १५० लिने जनाउँदै अहिले ढोरपाटनमा धेरैले घोडा किन्न थालेका उहाँले बताउनुभयो । "करिब १०-१५ वर्ष अगाडि ढोरपाटनमा घोडा खच्चड नहुने कोही थिएनन्, धेरैले सामान ढुवानी गरेर जीविकोपार्जन गर्थे, टाढाटाढाबाट अप्ठ्यारो बाटोमा घोडा खच्चडले भारी बोकेर ल्याउने/पुर्‍याउने गर्थे", उहाँले भन्नुभयो, "केही वर्ष घोडा खच्चड पालेँ पनि आम्दानी नभएपछि पाद्यन छोडिएको थियो। अहिले दुई-चार जना पर्यटक बोके पनि कमाइ हुन्छ ।" ढोरपाटन पुग्ने पर्यटकले उपत्यकासहित बुकीपाटन, निसेलढोर र जलजलासम्म घोडामा जाने गर्छन् । पहिले ढोरपाटनमा उत्पादन भएको आलु, स्याउ, सिमीलगायत वस्तु बजार पुर्‍याउने र बजारबाट अन्य खाद्यान्न ल्याउने घोडा खच्चडले अहिले पर्यटक बोक्न थालेका घोडा व्यवसायी धनराम विकले बताउनुभयो। अहिले गाडीमार्फत सामान ढुवानी गरे पनि गाडी नपुग्ने स्थानमा घोडाको प्रयोग हुने विकको भनाइ छ। उहाँका अनुसार पहिले एउटै किसानले दुई दर्जन बढीसम्म घोडा पाल्ने गरे पनि अहिले भने कम पाल्न थालेका छन् । व्यवसायीले घोडा चढाएबापत बढी शुल्क लिने गरेको गुनासो पनि आउने गरेको छ । घोडामा चढेर एकपटक फोटो खिच्दा रु ३०० तिर्नु परेको ढोरपाटन घुम्न आउनुभएका कुलदीप तामाङले बताउनुभयो । सुरुमा रु १०० भने पनि व्यवसायीले अन्तिममा रु ३०० मागेका उहाँको गुनासो छ । पर्यटकबाट बढी शुल्क असुल्ने व्यवसायीलाई कारबाही गर्नुपर्नेमा तामाङले जोड दिनुभयो। ढोरपाटनमा पछिल्लो समय दैनिक २०० बढी पर्यटक पुग्ने गरेका छन्। बर्खामा वनफूलसँग रमाउने र हिउँमा हिउँ खेल्न ढोरपाटन आउने पर्यटकको सङ्ख्या बढ्दै गएको हो । ढोरपाटन सिकार आरक्ष कार्यालयका अनुसार आर्थिक वर्ष २०८०/८१ मा १५ हजार ५७३ पर्यटक ढोरपाटन पुगेकामा आव २०८१/८२ मा पर्यटकको सङ्ख्या आठ हजारले बढेर २३ हजार ६९२ पुगेको छ।

# अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्दै गण्डकी प्रदेश

**जमुना वर्षा शर्मा**
पोखरा १७ भाद्र/रासस



गण्डकी प्रदेशसभाले अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्ने विशेष ऐन पारित गरेसँगै सम्बन्धित व्यक्ति र सरोकारवालाई उत्साहित बनाएको छ । यससँगै दया वा सहानुभूतिमा सीमित भएर हेर्ने पुरानो दृष्टिकोणलाई तोड्दै समान अवसर, आत्मसम्मान र सशक्तीकरणको नयाँ युग सुरु भएको सरोकारवालाको विश्वास छ।

पोखराको शहिदचोकमा यही भदौ ३ गतेको साँझको माहौल अलि फरक थियो। अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक गण्डकी प्रदेशसभाबाट पारित भएसँगै अपाङ्गता अवस्था भोगिरहनु भएका र यस क्षेत्रमा काम गर्ने सरोकारवाला र अधिकारकर्मीहरुलाई उत्साहित बनाएको थियो । "अपाङ्गताको अधिकारका लागि हामी निरन्तर लडिरहेका थियौँ, अन्ततः गण्डकी प्रदेश सरकारले अपाङ्गता अधिकारसम्बन्धी विधेयक पारित गरेको छ," अपाङ्गता महिला सशक्तीकरण केन्द्रकी अध्यक्ष अन्जना केसीले भन्नुभयो। उहाँका अनुसार अब गण्डकी प्रदेशका अपाङ्गता भएका नागरिकले समान अवसर र सम्मानजनक जीवनको नयाँ कानुनी बाटो पाउनेछन् । "अपाङ्गता भएका नागरिककोअधिकारकालागिगरिएको अथक सङ्घर्षको विजयोत्सवका रूपमा हामीले दीप प्रज्ज्वलन गरेर खुसी साटेका हौँ," उहाँले थप्नुभयो।

यससँगै गण्डकी प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी कानुन बनाउने नेपालको पहिलो प्रदेशसमेत बनेको छ। केसीका अनुसार यस विधेयकले गण्डकी प्रदेशका अपाङ्गता भएका नागरिकको जीवनमा महत्वपूर्ण परिवर्तन ल्याउने अपेक्षा गरिएको छ। "धेरै लामो समयदेखि अपाङ्गता भएका व्यक्तिले समाजमा विभेद, असमानता र पहुँचको अभावजस्ता चुनौतीको सामना गर्दै आएका थिए । अब यसले सार्वजनिक स्थलमा सहज पहुँच, शिक्षा, सेवा र रोजगारीमा अवसरको साथै सामान्य सामाजिक गतिविधिसमेतमा सहभागिता बढाउने अपेक्षा गरेका छौँ," उहाँले भन्नुभयो । नेपालको संविधानले सबै नागरिकलाई समान अधिकारको प्रत्याभूति गरे पनि अपाङ्गता भएका व्यक्तिका लागि विशेष कानुनी संरचना र प्रभावकारी कार्यान्वयनको अभाव विगतदेखि खट्किँदै आएको अवस्थामा गण्डकी प्रदेशले पारित गरेको विधेयकलाई अर्थपूर्ण र स्वागतयोग्य कदमका रूपमा लिइएको छ। राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल, गण्डकी प्रदेशका अध्यक्ष खोमराज शर्माले भन्नुभयो, "विधेयक चाहेजस्तो पूर्ण नहोला, तर जुन प्रयास भएको छ, यो निकै ठूलो उपलब्धि हो । नियमावली बनेर कार्यान्वयन तत्काल सुरु हुन्छ भन्ने हाम्रो पूर्ण विश्वास छ ।" शर्माका अनुसार, यो ऐनले अपाङ्गता भएका व्यक्तिको अधिकारलाई थप सुदृढ पार्दै सामाजिक न्यायको स्थापनामा महत्वपूर्ण योगदान गर्नेछ। तर अपेक्षित परिणाम दिनका लागि केवल कानुनी प्रावधान मात्र पर्याप्त नभई स्पष्ट नियमावली निर्माण, प्रभावकारी कार्यान्वयन र निरन्तर अनुगमन अपरिहार्य हुने उहाँको भनाइ छ। गण्डकी प्रदेशले अपाङ्गतासम्बन्धी नीति २०७९ भदौमा बनाएको थियो र २०८२ भदौमा विधेयक पारित गर्दै सङ्घीयता कार्यान्वयनमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। "प्रदेश सरकार स्थापनादेखि नै अपाङ्गता लक्षित कार्यक्रमलाई स्थानीय तहसम्म सशक्तिकरण र उत्तरदायित्वसहित सञ्चालन गर्न ठोस नीति र कानुनको माग रहँदै आएको थियो । यस विधेयकले पहुँचयुक्तता, समावेशीता र सशक्तीकरणलाई प्राथमिकता दिन सफल भएको छ," शर्माले स्पष्ट पार्नुभयो। उहाँका अनुसार यातायात सञ्चालनको अनुमति पत्र प्रदान गर्ने जस्ता सङ्घीय ऐनमा नभएका विशेष प्रावधानलाई पनि समेटिनु यस ऐनको सकारात्मक पक्ष हो । तर, उहाँले थप्नुभयो, "ऐन पारित हुनु महत्वपूर्ण हो, तर प्रभावकारी कार्यान्वयनका लागि स्रोत, संरचना र स्थानीय कार्ययोजनामा विशेष ध्यान दिनुपर्छ। यसका लागि कर्मचारी र जनप्रतिनिधिलाई आवश्यक तालिम अनिवार्य छ।" शर्माले मन्त्रालयभित्र अपाङ्गता अधिकारसम्बन्धी छुट्टै शाखा नहुनु र कार्यकारी उपाध्यक्षमा अपाङ्गता भएका व्यक्तिको अनिवार्य व्यवस्था नसमेटिनुले कार्यान्वयनमा चुनौती थपिने बताउनुभयो। तथापि, यो विधेयकले गण्डकीलाई अपाङ्गता समावेशी नीतिमा अगुवा बनाएको र बजेट तथा कार्ययोजनाले यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न सक्ने सम्भावना रहेको उहाँको भनाइ छ । प्रदेश सरकारले चालु आर्थिक वर्षमै ऐन कार्यान्वयनका लागि ४५ लाख रुपैयाँ छुट्याउने प्रस्ताव गरेको जानकारी दिँदै शर्माले यसले कार्यविधि निर्माण र कार्यान्वयनमा आशा जगाएको बताउनुभयो । २०७८ सालको जनगणनाअनुसार गण्डकी प्रदेशमा करिब ७३ हजार अपाङ्गता भएका व्यक्ति रहेका छन् । तर शैक्षिक, रोजगारी, आर्थिक र सामाजिक अवस्थाको खण्डीकृत तथ्याङ्क अभावमा लक्षित कार्यक्रम प्रभावकारी बनाउन चुनौती रहेको भन्दै उहाँले आगामी दिनमा यी सबै पक्षलाई समेटेर अघि बढ्न सुझाव दिनुभयो । अपाङ्गताको क्षेत्रबाट प्रतिनिधित्व गर्ने गण्डकी प्रदेशसभा सदस्य सुनिता थापाले पारित विधेयकलाई आफ्नो सपना र सङ्घर्षको बकानुनी कागज मात्र होइन, आफ्नै जीवनको पीडा, सङ्घर्ष र सपनाको अभिलेख हो । स्वयं अपाङ्गता भएको व्यक्तिको हैसियतले मैले अवसर नपाउँदा क्षमता कसरी दबिन्छ, अधिकार नपाउँदा आत्मसम्मान कसरी घाइते हुन्छ भन्ने भोगेकी छु।" थापाले गण्डकी प्रदेशसभाले पारित गरेको "अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी विधेयक"लाई ऐतिहासिक र जीवन्त कदमका रूपमा व्याख्या गर्नुभयो।

उहाँका अनुसार, यसले अपाङ्गतालाई दया वा सहयोगको दृष्टिभन्दा माथि उठाएर अधिकार र समान अवसरको आधारमा सम्बोधन गरेको छ। शिक्षा, रोजगारी, स्वास्थ्य, यातायातदेखि लिएर आत्मनिर्भर जीवन बाँच्न पाउने हकसम्म कानुनी सुनिश्चितता दिएको थापाको भनाइ छ। "मलाई विश्वास छ, यो विधेयक कार्यान्वयनमा आयो भने अपाङ्गता भएका व्यक्ति 'भार' होइनन्, बरु समाजका उत्पादनशील, सिर्जनशील र सम्मानित अङ्गका रूपमा अझ स्पष्ट देखिनेछन्। यो हाम्रो सामूहिक भविष्यको आधार हो," उहाँले भन्नुभयो।

थापाले थप स्पष्ट पार्दै भन्नुभयो, "अपाङ्गता कुनै निश्चित समूहमा सीमित हुने अवस्था होइन। अपाङ्गता जुनसुकै बेला, जुनसुकै व्यक्तिलाई आइपर्न सक्छ। त्यसैले यो विधेयक हाम्रो मात्र होइन, समग्र समाजकै सुरक्षा कबच हो ।" उहाँका अनुसार विधेयक केबल हकअधिकार सुनिश्चित गर्ने कानुन मात्र नभई सामाजिक चेतना र व्यवहारमै परिवर्तन ल्याउने सेतु हो । "हामी अहिले कानुन बनाउँदैछौँ, तर वास्तवमा हामी एउटा यस्तो समाजको जग बसाल्दैछौँ, जहाँ अपाङ्गता भएका नागरिकलाई दया होइन, अधिकारका आधारमा सम्मान दिइनेछ", थापाले जोड दिनुभयो । गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री बिन्दुकुमार थापाले अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्ने विधेयकलाई ऐतिहासिक कदमको संज्ञा दिनुभयो। उहाँले भन्नुभयो, "अपाङ्गता भएका व्यक्तिमाथि हुने विभेद, असमानता र उत्पीडनको अन्त्य गर्दै उनीहरूको अधिकार, सम्मान र सशक्तीकरण सुनिश्चित गर्ने उद्देश्यले यो विधेयक ल्याइएको हो । यसले नीति निर्माणदेखि विकासका सबै प्रक्रियामा अपाङ्गता भएका व्यक्तिको प्रभावकारी सहभागिता सुनिश्चित गर्दै पूर्ण मानवअधिकारको प्रत्याभूत गर्ने विश्वास दिलाउँछ ।" मन्त्री थापाले यस ऐनले अपाङ्गता भएका नागरिकलाई समाजको बोझ नभई समाज निर्माणका महत्वपूर्ण साझेदारका रूपमा स्वीकार गर्ने दृष्टिकोण प्रस्तुत गरेको बताउनुभयो । "मानवअधिकारको रक्षा, आत्मसम्मानको सुनिश्चितता र सशक्तिकरण हाम्रो मुख्य उद्देश्य हो ।" थापाका अनुसार विधेयकमा अपाङ्गताको विविधतालाई ध्यानमा राख्दै १० प्रकारका अपाङ्गतालाई समेटिएको छ, ताकि कुनै पनि नागरिकले आफूलाई राज्यबाट उपेक्षित वा बहिष्कृत महसुस नगरोस् । यस कानुनले शिक्षा, स्वास्थ्य, रोजगारी, सीप विकास, पहुँच र सामाजिक न्यायका क्षेत्रमा समान अवसर सुनिश्चित गर्नेछ। "आज हामीले सुरु गरेको यो कदमले अपाङ्गता भएका व्यक्तिलाई केवल सहानुभूतिका आधारमा होइन, अधिकार र क्षमताका आधारमा सम्मान गर्ने नयाँ संस्कारको सुरुवात गर्नेछ।"

उहाँले अपाङ्गता भएका व्यक्तिको हकहित सुनिश्चित गर्न गठन गरिएको निर्देशन समितिमा दश प्रकारका अपाङ्गताको प्रतिनिधित्व सुनिश्चित गरिएको र यसका लागि एक करोड रुपैयाँ बजेट छुट्याइएको पनि जानकारी दिनुभयो। साथै, कार्यविधि र नियमावली कार्यान्वयनका लागि हाल रु ४५ लाख विनियोजित गरिएको छ। समितिले ऐन कार्यान्वयनको क्रममा कमी-कमजोरी क्रमशःसुधार गर्दै लैजाने छ। हाल निर्देशन समितिको कार्यकारी उपाध्यक्षमा अपाङ्गता भएका व्यक्ति हुनुपर्ने विषयमा छलफल भए पनि ऐनमा यो व्यवस्था समावेश छैन । तर भविष्यमा यसलाई समेट्ने योजना रहेको मन्त्री थापाले बताउनुभयो । उहाँले थप्नुभयो, "हाल खण्डीकृत तथ्याङ्क उपलब्ध नभएकाले अब प्रत्येक स्थानीय तहमा अपाङ्गताको प्रकार र अवस्थाअनुसार विस्तृत तथ्याङ्क सङ्कलन गर्नुपर्ने नीति बनाइएको छ । रोजगारी, शिक्षा, स्वास्थ्य र द्वन्द्वपीडित व्यक्तिलाई विशेष प्राथमिकता दिँदै समावेशी नीति अघि बढाइनेछ ।" ऐन छिट्टै राजपत्रमा प्रकाशित भएपछि पूर्ण कार्यान्वयनमा आउने मन्त्री थापाको भनाइ छ। ऐनमा अपाङ्गता भएका व्यक्तिको जीवनस्तर उकास्ने गरी सवारी चालक अनुमति पत्रमा सहजता, दिवा सेवा केन्द्रको स्थापना, साङ्केतिक भाषाको विकास, आवासीय शिक्षा र प्राकृतिक प्रकोपमा विशेष प्राथमिकताजस्ता महत्वपूर्ण प्रावधान समावेश छन्। यी प्रावधानले अपाङ्गता भएका व्यक्तिको सशक्तीकरण र आत्मनिर्भरता अभिमुखी कदमलाई बल पुर्‍याउनेछन् । नेपालको संविधानले समानताको हक, शिक्षाको हक, सामाजिक न्यायको हक र सामाजिक सुरक्षाको हकअन्तर्गत अपाङ्गता भएका व्यक्तिलाई विशेष अधिकार प्रदान गरेको छ। गण्डकी प्रदेशको यो विधेयकले संविधानको मर्मलाई आत्मसात् गर्दै अपाङ्गता भएका व्यक्तिको अधिकार स्थापित गर्ने दिशामा महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ। यस विधेयकको सफल कार्यान्वयनले गण्डकी प्रदेशलाई समावेशी समाज निर्माणमा एक उदाहरणीय प्रदेशको रूपमा स्थापित गर्नेछ।

# गाई र हलगोरु पाल्ने किसानलाई अनुदान

**पोखरापत्र संवाददाता**
पर्वत, १७ भाद्र

विहादी गाउँपालिकामा लोपोन्मुख स्थानीय जातका गाई र हलगोरु पाल्ने किसानलाई प्रोत्साहनका लागि अनुदान वितरण गरिने भएको छ।

गाउँपालिकाले व्यावसायिक रूपमा दूध उत्पादनका लागि उन्नत जातका गाईपालन गर्ने किसानलाई प्रतिगाई रु २० हजार उपलब्ध गराउने भएको छ । स्थानीय गाई संरक्षण अभियानअन्तर्गत प्रतिसुत्केरी गाई रु दुई हजार ५०० किसानलाई वितरण गरिने भएको प्रमुख प्रशासकीय अधिकृत थमनबहादुर रेश्मीले जानकारी दिनुभयो । यसैगरी प्रतिहलगोरु प्रोत्साहन अनुदानका रूपमा रु १० हजार प्रदान गरिने रेश्मीले जानकारी दिनुभयो । वैदिक परम्पराअनुसार पूजा गरिने स्थानीय जातका गाई पछिल्लो समय लोप हुँदै गएपछि गाउँपलिकाले संरक्षण अभियान थालेको हो । विहादी गाउँपालिकाले पालिकाभित्रका छवटै वडामा व्यावसायिक वा निर्वाहमुखी रूपमा स्थानीय जातका गाईपालन गरेका किसानलाई विगत तीन वर्षदेखि प्रोत्साहन गर्दै आएको छ।

पालिकाले सूचना जारी गर्दै स्थानीय जातका गाईपालक किसानलाई गाईको सुत्केरी भत्ताका लागि आवेदन माग गरेको छ । स्थानीय गाईपालन गरेका किसानलाई प्रोत्साहन गर्न र गाईपालनतर्फ आकर्षण बढाउनका लागि यस्तो अभियान थालिएको विहादीका अध्यक्ष परवीन गुरुङले जानकारी दिनुभयो।

गाई अभावमा विभिन्न पूजापाठमा समेत गाईको दस्तुर भन्दै दक्षिणा राखेर उम्काउने गरिएको छ । यस्तो अवस्थामा हिन्दू धर्म नै सङ्कटमा पर्ने र हिन्दू धर्मावलम्बी नयाँ पुस्ताले स्थानीय जातको गाईको पहिचान नै नपाउने भएकाले संरक्षण गर्न थालिएको अध्यक्ष गुरुङको भनाइ छ। उक्त कार्यक्रममा समावेश हुनका लागि गाई र गर्भाधारण गराइएको बहर स्थानीय नै हुनुपर्ने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिप्रसाद भुसालले जानकारी दिनुभयो । गाई र गर्भाधारण गराइएको बहर स्थानीय नै हुनुपर्ने भुसालको भनाइ छ। अनुदान लिनका लागि निवेदन, सम्बन्धित वडा कार्यालयको सिफारिस, नागरिकता प्रमाणपत्रको प्रतिलिपि र गाई बाछीको तस्बिरसमेत संलग्न गर्नुपर्नेछ। पर्वतमा पछिल्लो समय उन्नत जातका गाईपालनतर्फ आकर्षण बढ्दै गएको छ । थोरै दूध दिने र गाईपालनको खर्च पनि नउठ्ने भन्दै किसान स्थानीय काठे गाईपालन गर्न छाडेका हुन्।

पालिकाले चालु आर्थिक वर्षको साउनयता सुत्केरी भएका स्थानीय गाईलाई रु दुई हजार ५०० का दरले अनुदान दिने तयारी गरेको छ । जिल्लाका सात स्थानीय तहमध्ये विहादीले पहिलोपटक स्थानीय गाईलाई संरक्षणका लागि अभियान थालेको हो । यसअघि उक्त पालिकाले स्थानीय जातका गाई पाल्ने किसानलाई प्रोत्साहनस्वरुप रु पाँच-पाँच हजार उपलब्ध गराएको थियो । यसअघि जिल्लाको जलजला गाउँपालिकाले हलगोरु पाल्ने किसानलाई रु एक हजार ५०० का दरले उपलब्ध गराउँदै आएको थियो भने स्थानीय जातका गाईको मूत्र र गोबर प्रशोधन पनि गर्न थालेको छ। पैयुँ गाउँपालिकाले राँगो पाल्ने किसानलाई रु २० हजार वार्षिक अनुदान वितरण गर्दै आएको छ । किसानलाई व्यावसायिक कृषि पेशातर्फ आकर्षित गर्ने उद्देश्यले पालिकाहरूले पशुपालन र कृषिको क्षेत्रमा लगानी बढाउँदै लगेका छन् । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले पनि यस वर्ष गाईभैंसीको सुत्केरी खर्चका लागि रु १० लाख विनियोजन गरेको छ।

# पहिराले सालझण्डी-ढोरपाटन सडक अवरुद्ध हुँदा पर्यटक अलपत्र

**पोखरापत्र संवाददाता**
बागलुङ, १७ भाद्र

पहिराले राष्ट्रिय प्राथमिकताको आयोजना सालझण्डी-ढोरपाटन सडक अवरुद्ध भएको छ । भारी वर्षाका कारण ढोरपाटन नगरपालिका-७ धाराबोटमा पहिरो खस्दा सडक अवरुद्ध भएको हो।

सडक अवरुद्ध भएपछि सिकार आरक्ष ढोरपाटन घुमेर फर्किने र जाने पर्यटक अलपत्र परेका हुन्। सोमबार साँझ पहिराले अवरुद्ध बनेको सडक अहिलेसम्म खुलाउन नसकिएको इलाका प्रहरी कार्यालयका प्रमुख आनन्द बस्नेतले जानकारी दिनुभयो। पहिरो धेरै ठूलो हुँदा सडक खुलाउन समय लाग्ने उहाँको भनाइ छ । योबाहेक अरु वैकल्पिक सडक नहुँदा स्थानीयलाई समेत आवतजावतमा समस्या भएको बस्नेतले बताउनुभयो। साँझ नै सडक खुलाउने प्रयास गरे पनि वर्षाका कारण नसकिएको उहाँको भनाइ छ । बिहानैदेखि सडक खुलाउन उपकरण प्रयोग गरेको उहाँले बताउनुभयो। "पहिरो धेरै ठूलो गएको हुँदा सडक खुलाउन समस्या भएको छ, बिहानदेखि नै मेसिन प्रयोग गरिएको छ, अझै समय लाग्ने देखिन्छ, सडक अवरुद्ध हुँदा सबैभन्दा बढी पर्यटक समस्यामा परेका छन्", उहाँले भन्नुभयो, "आवतजावत गर्नका लागि अरु वैकल्पिक सडक नहुँदा गाह्रो भयो।" मौसम र सडकको अवस्था बुझेरमात्र ढोरपाटन घुम्न आउन पर्यटक प्रहरीले आग्रह गरेको छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

**हार्दिक समवेदना**



जन्म: वि.स. १९९५/०५/०५ गते

स्वर्गारोहण: वि.स. २०८२/०५/०६ गते

**स्व: चिनु कुमारी कार्की**

श्री जनकल्याण समिति सिद्धकालिकास्थान काहुँखोला पोखरा–१३ कास्कीका संस्थापक एवम् पूर्व उपाध्यक्ष तथा श्री शिद्धकालिका मन्दिरका संस्थापक स्व. डम्बर बहादुर कार्कीका श्रीमती तथा आजिवन सदस्यहरु कल्याण बहादुर/विष्णु कार्की, राजु/मञ्जु कार्की र स्व.सन्तोष/ममता कार्कीका ममतामयी माता/सासुआमा **चीनु कुमारी कार्की**को ८७ वर्षको उमेरमा भएको असामयिक निधनले यस समिति परिवार भावविह्‌ल भएको छ। यो दु:खको घडिमा दिवंगत आत्माको चिरशान्ति र बैकुण्ठबासको कामना गर्दछौं, साथै शोकाकुल परिवारजनमा धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन भनि कामना गर्दै आज १३ औं दिनको पुण्य तिथिमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

शान्ति देवी के.सी.
महासचिव

एवम्

शिव बहादुर के.सी.
अध्यक्ष

**श्री जनकल्याण समिति परिवार**
पोखर-१३, सिद्धकालिका स्थान


# छात्रातर्फ लिग चरण सुरु, छात्रको प्रिक्वाटरफाइनल सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १७ भाद्र

पोखरा रंगशालामा जारी विद्यालयस्तरीय यु १४ फुटबल प्रतियोगिताको छात्रतर्फ प्रिक्वाटर फाइनलका खेल सम्पन्न भएका छन्।

कास्की जिल्ला फुटबल संघको आयोजनामा जारी विद्यालयस्तरीय यु १४ छात्र तथा छात्रा फुटबलमा छात्र तर्फ प्रिक्वाटर सकिँदा छात्रातर्फ लिग चरण सुरु भएको छ।

मंगलबार भएको छात्रतर्फको पहिलो प्रिक्वाटरको पोल ए तर्फ फिस्टेल एकेडेमीले शिशु कल्याण बोर्डिङ स्कुललाई २-१ गोलले हरायो । दोस्रो खेलमा कालिका माविले भद्रकालीलाई १-० ले हरायो। पोल बि तर्फ भएको खेलमा हेमजा बोर्डिङले बालोदयलाई २-० ले हराउँदा बालकल्याणले गुरुकुललाइ ३-१ ले हराउँदै अन्तिम आठमा स्थान बनाएको छ। अब क्वाटरफाइनलमा शिशुकल्याण बोर्डिङले शिशुकल्याण मावि र कालिकाले सैनिक आवासियको सामना गर्नेछ भने हेमजाले गण्डकी बोर्डिङ र बालकल्याणले सोसल पब्लिकको सामना गर्नेछ। त्यसअघि छात्रातर्फ मंगलबार विहान भएको खेलमा त्रिभुनव शान्ति माविले सेन्ट मेरिजलाई ३-१ ले हराएको छ। यस्तै दोस्रो खेलमा सैनिकले वेशलाइन एकेडेमीलाई ७-० को फाराकिलो गोलअन्तरले हराएको छ । प्रतियोगितामा छात्रा तर्फ ६ र छात्र तर्फ २४ विद्यालयले सहभागिता जनाएका छन् । भदौ १२ गतेदेखि सुरु प्रतियोगिता २० गतेसम्म सञ्चालन हुनेछ।